जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २०४ पृष्ठः ४ | २०८२ मंसिर १८ विहीबार (Thursday 04 Dec. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सीमा क्षेत्रमा कडाइ, अवैध प्रवेशमा निगरानी




सिरहा, १७ मंसिर। जिल्ला प्रशासन कार्यालय सिरहाले सीमावर्ती नाकाबाट परिचय नखुलेका र शंकास्पद व्यक्तिको अवैध प्रवेश रोक्न थालेको छ। प्रशासनले एक सूचना जारी गर्दै सीमा क्षेत्रमा सुरक्षा निकायबाट सुरक्षा व्यवस्थालाई थप बलियो पारिएको जनाएको हो। "सीमावर्ती नाकाबाट परिचय नखुलेका शंकास्पद् व्यक्ति अवैध ढंगबाट यस जिल्लामा प्रवेश गर्न सक्ने हुँदा सीमावर्ती क्षेत्रमा सुरक्षा निकायबाट जाँचमा कडाइ गरिएको छ", सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले जारी गरेको सूचनामा उल्लेख छ, "आमनागरिक, व्यवसायी र समुदायलाई सजग रहन र यदि कुनै अपरिचित व्यक्ति वा समूह देखापरेमा नजिकको सुरक्षा निकायलाई जानकारी दिनको लागि आग्रह छ।" कार्यालयले कुनै पनि परिचय नखुलेका अपरिचित व्यक्तिलाई समुदायमा बसोबास गर्न नदिन र कुनै पनि कामकाजमा संलग्न नगर्न नगराउन पनि अनुरोध गरेको छ। जिल्लासँग नेपाल–भारतबिच करिब ४० किलोमिटर लामो सीमा जोडिएको छ।

## सिरहाका किसान पारिवारिक निजी वनतर्फ आकर्षित

सिरहा, १७ मंसिर। घरेलु स्तरमा वन व्यवस्थापनलाई प्रोत्साहन गर्ने उद्देश्यले सुरु गरिएको पारिवारिक निजी वन कार्यक्रमप्रति यहाँका किसान आकर्षित भएका छन्। निजी जग्गामा फलफूलयुक्त, व्यावसायिक काठका प्रजाति तथा बहुउपयोगी बोटबिरुवा रोपेर दीर्घकालीन आय–आर्जन वृद्धि गर्न सकिने सम्भावना देखिएपछि किसान यसतर्फ आकर्षित भएका हुन्।

पारिवारिक निजी वन संघ नेपाल सिरहाका अध्यक्ष रविन लामाका अनुसार जिल्लामा चुरे क्षेत्र भएर बग्ने बलान, बताहा र कमला गरी तीन वटा नदी प्रणालीअन्तर्गत २० वटा समिति निर्माण गरी किसानले बाँझो जमिनमा छिटो हुर्कने तथा धेरै आम्दानी प्राप्त विभिन्न २० प्रजातिका बिरुवा लगाउन थालेका छन्। लहानमा आयोजित एक कार्यक्रममा अध्यक्ष लामाले परिवारिक निजी वनको महत्व स्पष्ट पार्दै यसले कृषक परिवारलाई बर्सेनि स्थिर आय उपलब्ध गराउनुका साथै वातावरण संरक्षण, माटो कटान रोकथाम र जैविक विविधता संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याएको उनले बताए।

उनले भने, "गाउँगाउँमा सञ्चालन भइरहेको नर्सरी र वन कार्यालयको सहुलियतपूर्ण कार्यक्रमले किसानलाई सजिलै बिरुवा उपलब्ध गराइँदै आएको छ।" उनका अनुसार सिरहाको दक्षिणी क्षेत्र जहाँ सामुदायिक वनसँगको पहुँच टाढा छ, उक्त क्षेत्रका संगठित किसानले यस्ता बोटबिरुवा रोपेर पाँच–दश वर्षभित्र काठ, सुपारी, बाँस, जडीबुटी तथा फलफूल बिक्रीबाट राम्रो आम्दानी गर्न सक्ने छन्। वन विशेषज्ञ तथा चुरे उत्थानशील आयोजना नेपालका उपप्रबन्धक विष्णुहरि पौड्यालले स्थानीय तहले पारिवारिक निजी वनसँग सम्बन्धित ऐन, प्राविधिक तालिम, अनुगमन तथा बजार व्यवस्थापनमा सहयोग बढाउनुपर्नेमा जोड दिए। उनले पारिवारिक निजी वनकर्तालाई नीतिगत प्रोत्साहन, मूल्य श्रृङ्खला विकास, वनजन्य उत्पादनको बजार पहुँच र प्रशोधन उद्योग विस्तार गरी ग्रामीण अर्थतन्त्रको आधार उकास्न सकिने धारणा राखे।

पारिवारिक निजी वन संघ नेपालका केन्द्रीय अध्यक्ष जोगराज गिरीले पारिवारिक निजी वन विस्तार हुँदै जाँदा आयआर्जन मात्र नभएर वन दबाब न्यूनीकरण र हरियाली वृद्धि भएको बताए। लहान–३२ का वडाध्यक्ष बद्री यादवले बलान नदीले तटिए क्षेत्रमा ठूलो कटान गरिकाले उक्त नदी उकास क्षेत्रमा वृक्षरोपण गर्नुपर्ने आवश्यकता औंल्याए।

**स्वदेशी वस्तु प्रयोग गरौं।**

- स्वदेशी उत्पादनमा जोड दिऔं,
- स्वदेशी उत्पादनको प्रयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवाको संरक्षण गरौं,
- स्थानीय उद्योग र रोजगार प्रर्वद्धनमा सहयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवा प्रयोग गरी आत्मनिर्भर बनौं,
- राष्ट्रिय अर्थतन्त्रलाई सवल बनाऔं,
- स्वदेशी उद्योगपति तथा व्यापारीलाई सम्मान गरौं,
- उद्यमीको योगदानको कदर गरौं।
- स्वदेशी वस्तु तथा सेवाको प्रर्वधन गरौं, स्वावलम्बी बनौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## नेपाल चिकित्सक संघ लहानमा नयाँ नेतृत्व



**मणिलाल विश्वकर्मा**

सिरहा, १७ मंसिर। चिकित्सकहरूको पेसागत हकहितका लागि क्रियाशील संगठन नेपाल चिकित्सक संघको लहान शाखाको आगामी तीनवर्षे कार्यकालका लागि सर्वसम्मत रूपमा नयाँ नेतृत्व चयन भएको छ। सिराहाको लहानमा सम्पन्न चिकित्सकहरूको तेस्रो जिल्ला भेलाले डा. ओमप्रकाश चौधरीको अध्यक्षतामा ११ जना पदाधिकारीसहित २३ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको हो। समितिमा इमिडियट पास्ट प्रेसिडेन्ट डा. सुभाषबाबु साह, वरिष्ठ उपाध्यक्ष डा. रितेश गिरी, उपाध्यक्षहरू डा. ल्युसुनकुमार यादव (सुखीपुर), डा. महेशकुमार साह (लहान), डा. शम्भुकुमार साह (मिर्चैया), डा. तेजशंकर यादव ( गोलबजार), कोषाध्यक्ष डा. गीताकुमारी यादव र सहकोषाध्यक्ष डा. राखी साह चयन भएको नवनिर्वाचित अध्यक्ष चौधरीले जानकारी दिए।

उनका अनुसार समितिमा सदस्यहरू डा. अखिलेशकुमार चौधरी, डा. अनिलकुमार यादव, डा. विनोदकुमार साह, डा. धीरजकुमार साह, डा. गंगाप्रसाद मण्डल, डा. मुकुन्दप्रसाद साह, डा. परवेज कौशर र डा. प्रवीण यादव चयन भएका छन्। नवनिर्वाचित कार्यसमितिका महासचिव डा. वृजेन्द्रकुमारका अनुसार तीन सदस्यीय सल्लाहकारमा डा. मिश्रीलाल साह, डा. रवीन्द्रकुमार र डा. शिवशंकर साह चयन भएका छन्। करिब डेढ दशकअघि पहिलोपटक दिवंगत डा. पशुपति चौधरीको अध्यक्षतामा गठन गरिएको संघको पछिल्लो नयाँ कार्यसमिति तेस्रो रहेको जनाइएको छ। तीनवर्षे कार्यकाल भए पनि संघको लहान शाखामा दोस्रो कार्यसमितिका अध्यक्ष भएका डा. सुभाषबाबुको कार्यकाल विभिन्न कारणले लम्बिएपछि ढिलो गरी तेस्रो नयाँ कार्यसमिति गठन गरिएको संघले जनाएको छ।




**GUPTA BROTHER'S AUTO TRADE** Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## भारतीय सञ्चारमाध्यमको प्रतिक्रिया अतिरञ्जित

नेपाल राष्ट्र बैंकले नेपालको चुच्चे नक्साअंकित १०० रुपैयाँको नयाँ नोट जारी गरेपछि भारतीय सञ्चारमाध्यममा तीव्र प्रतिक्रिया भएको देखिएको छ। हालै, राष्ट्र बैंकले लिपुलेक, लिम्पियाधुरा र कालापानी समेटिएको नेपालको नक्साचित्रित नयाँ नोट जारी गरेको थियो। लिपुलेक, लिम्पियाधुरा र कालापानीसम्बन्धी विवाद नयाँ भने होइन। भारतले त्यो क्षेत्रमा 'अनधिकृत कब्जा' गरेको भन्दै नेपालले केही वर्षपहिले संविधान नै संशोधन गरी नयाँ नक्सा जारी गरेको थियो। उता भारतले पनि त्यस क्षेत्र आफ्नो उत्तराखण्ड राज्यमा पर्ने भन्दै दाबी गर्दै आएको छ।

अर्थात्, यो विवाद नयाँ होइन। नेपाल र भारत दुवैले त्यो क्षेत्र समावेश गरिएको आआफ्नो आधिकारिक नक्सा पनि जारी गरेका छन्। नेपालमा चुच्चे नक्सा भएको सिक्का पनि प्रचलनमा छ। पञ्चायतकालभन्दा पहिले पनि नेपालको आधिकारिक नक्सा चुच्चे नै थियो। यसैले भारतीय सञ्चारमाध्यमले चित्रण गरेजस्तो यो नेपालको 'निहुँ खोजाइ' होइन। यो नेपालको आफ्नो भूभागमाथिको दाबी हो। नयाँ नक्साअंकित नोट जारी गर्ने उपयुक्त समय हो/होइन भन्ने विषयमा विवाद हुन सक्ला। तर, नेपालमा चुच्चे नक्साका विषयमा कुनै विवाद छैन। लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपाली भूभाग हुन् भन्नेमा सबै नेपाली नागरिक एकमत छन्। भारतीय राजनीतिका कारण पनि यो सामान्य संयोगलाई बढी नै चर्काइएको हुनुपर्छ। विशेषगरी विपक्षी नेताहरूले यस विषयमा सरकारले जवाफ दिनुपर्छ भनिरहेका छन्। भारतीय सञ्चारमाध्यम त यसै पनि 'सनसनी' फैलाउन बदनाम नै छ। चिन्ताको विषय के हो भने, नेपालमा अहिले अन्तरिम सरकार छ र राजनीतिक अस्थिरता छ। नेपालभित्र सबै उथलपुथल वा हलचलमा 'षड्यन्त्र' देख्नेहरूको संख्या पनि सानो छैन। त्यसमा पनि सबै नकारात्मक घटनामा 'भारतीय हस्तक्षेप' देख्नेहरू अपेक्षाकृत बढी नै छन्।

यसैले, सानातिना घटना र टिप्पणीले समेत भ्फस्काउने गर्छ। त्यसमाथि २०७२ को भूकम्पबाट थला परेकै बेला नेपालले भारतीय नाकाबन्दी व्यहोर्नुपरेको थियो। नाकाबन्दीका कारण भारतले भूकम्पलगत्तै उद्धारमा देखाएको सदाशयतासमेत ओझेलमा परेको स्मरणीय छ। नेपाल–भारत सीमाका बजारमा 'अनधिकृत' रूपमा दुवै देशका मुद्रामा कारोबार हुन्छ। नयाँ नोट सीमावर्ती भारतीय क्षेत्रका व्यापारीले स्वीकार नगर्न पनि सक्छन्। यसलाई नेपाली पक्षले संयमपूर्वक स्वीकार गर्नुपर्छ। यही मौकामा नेपाली र भारतीय मुद्राको विनिमय आधिकारिकरूपमा मात्र हुने व्यवस्था मिलाउनु उचित हुनेछ। नेपालले भारतीय सञ्चारमाध्यमको टिप्पणीप्रति प्रतिक्रिया व्यक्त गर्नु पनि जरुरी देखिँदैन। नेपालमा अहिले राजनीतिक रूपमा असामान्य अवस्था भएकाले पनि सरकार बढी संयमित हुनुपर्छ। अर्कातिर, नेपाली भूभागमाथिको स्वामित्वको दाबी भने कुनै पनि अवस्थामा छाड्न मिल्दैन। भारतीय मित्रहरूसँग नेपालको पक्ष बुझ्न र २१औँ शताब्दीको पारस्परिक सम्बन्धलाई १८औँ शताब्दीको ब्रिटिस इन्डियाको चस्माबाट नहेर्न आग्रह गर्नुपर्छ। आशा गरौँ, नेपालको सार्वभौम सत्ता र भौगोलिक अखण्डताको सम्मान भारतले गर्नेछ। भारतीय जनमतलाई नेपालको पक्ष बुझाउन भारतस्थित दूतावासले पनि प्रयास गर्नुपर्छ।

# यसकारण पनि आउँदो निर्वाचन अरु बेलाभन्दा फरक छ

**सोमबहादुर थापा**

लोकतान्त्रिक शासन व्यवस्था, राज्यका तीनै अंग– कार्यपालिका, व्यवस्थापिका, न्यायपालिकासहित सबै संवैधानिक अंगहरूले जनविश्वास गुमाएको अवस्था छ। त्यतिमात्रै होइन, नेपालको संविधान, शासकीय स्वरूप, राजनीतिक दलको नेतृत्व, कर्मचारीतन्त्र र सुरक्षा निकाय तथा शैक्षिक र प्राविधिक संस्थाहरूमाथि पनि जनविश्वास गुमेको अवस्था छ। लोकतान्त्रिक शासन व्यवस्थाका सबै संवैधानिक संरचना, प्रणाली र राजनीतिक दल तिनका नेताहरूले जनविश्वास गुमाउनु भनेको देश संकटमा छ भन्ने बुझ्नुपर्ने हुन्छ। राष्ट्रका निम्ति सेवा–सुरक्षा दिने जिम्मेवारी प्राप्ति निर्वाचित राष्ट्रपति, सरकार प्रमुख, मन्त्रीहरू, कर्मचारी तथा सुरक्षा प्रमुखहरू एकाएक ज्यान जोगाउन भाग्नुपर्ने अवस्था सामान्य परिस्थितिमा आउँदैन।

नेपालमा दुई तिहाईको नेपाली कांग्रेस र नेकपा एमालेसहितको सरकारले सुशासन, विकास र स्थिरता दिन नसक्दा र सरकार बढी नियन्त्रणमुखी बन्दै जाँदा ०८२ भदौ २३ र २४ गते युवाहरू आन्दोलनमा उत्रिए। भ्रष्टाचारको अन्त्य र सामाजिक सञ्जाल खुला गर्ने माग राख्दै ०८२ भदौ २३ गते बानेश्वरमा भएको जेनजीको प्रदर्शनमा निरंकुश शासकझैँ प्रदर्शनकारीहरूमाथि छाती र घाँटीमा ताकी–ताकी गोली प्रहार गरेको तथ्इय ह्युमन राइट्स वाचले पनि आफ्नो प्रतिवेदनमा जनाएको छ। एउटा लोकतान्त्रिक र गणतान्त्रिक सरकारले यस्तो काम गर्नु वा गराउनु लोकतान्त्रिक शासन व्यवस्थाको उपहास गर्नु हो।

भदौ २३ गतेको प्रदर्शनमा राज्यबाट अत्यधिक बल प्रयोग हुँदा २४ गतेको आन्दोलन झन् उग्ररूप लिन पुग्यो। आन्दोलनका क्रममा देशभरमा ७६ जना मारिएका घटनाको तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीले नैतिक र पदीय जिम्मेवारी लिएको देखिँदैन। यो अर्को गैरजिम्मेवारपूर्ण विषय बनेको छ। भदौ २४ गते देशभर आगजनी भयो र संसद् भवन, प्रधानमन्त्री कार्यालय, मन्त्रालयहरू तथा सर्वोच्च अदालतलगायतका सरकारी भवनहरू जले। निजी संस्था र उद्योग–व्यवसाय पनि ध्वस्त गरिए। यस्तो राष्ट्रिय तथा निजी सम्पत्तिमाथि क्षति गर्नु या गराउनु निन्दनीय हुन्छ। यसको भर्त्सना हुनैपर्छ। २४ गतेको आन्दोलनले नेपाली कांग्रेस र नेकपा एमालेसहितको दुईतिहाईको सरकारलाई सडकमा मात्र ल्याएन, प्रधानमन्त्री तथा मन्त्रीहरू र पूर्वप्रधानमन्त्रीहरूसमेत सेनाको सुरक्षामा रहेर ज्यान जोगाउन बाध्य भए। यो घटना देश, राजनीति र जनताका लागि असामान्य थियो। यस्तो अवस्था आउनुमा दुईतिहाईको सरकार जिम्मेवार थियो भन्नुमा अत्युक्ति हुँदैन।

भदौ २४ पछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिए। त्यसपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको सरकार गठन नभएसम्म देशमा न संघीय सरकारले काम गऱ्यो न संघीय संसद्ले कुनै बैठक वा निर्णय गऱ्यो। यस्तो संकटमा संघीय सरकार र संसदले आफ्नो अस्तित्व, औचित्य र भूमिका देखाउनु अत्यावश्यक थियो। तर त्यतिबेलाका प्रमुख तथा सदस्यहरू त्यसका लागि तत्पर नहुनु अनौठो थियो। सरकार, संसद् र शासकीय संरचना सबै असफल तथा अक्षम भएकाले संविधानलाई कम क्षति पुग्ने गरी अंतरिम सरकार गठन र आमनिर्वाचन गर्ने सहमति जेनजीका नेता–प्रतिनिधि, राष्ट्रपति र प्रधानसेनापतिबीच भएको कुरालाई केही मानिसले अन्यथा बुझेका पाइन्छ। उनीहरूले वास्तविकतालाई बुझेर पनि बुझपचाउँदै टुलुटुलु हेरिरहेको अवस्थाले लोकतान्त्रिक शासन प्रणाली सबल बन्छ भन्न सकिन्न।

अब फागुन २१ को आमनिर्वाचन अपरिहार्य छ र यो निर्वाचन अरू बेलाभन्दा धेरै हिसाबले फरक हुनेछ। यो राष्ट्रिय आवश्यकताको निर्वाचन हो। आवधिक निर्वाचनले राजनीतिक दललाई शासन गर्ने वैधानिकता र जनस्वीकृति दिन्छ। त्यसैले यसको महत्व अत्यन्त ठूलो हुन्छ। निर्वाचनपछि गठन हुने संसद्ले संविधानमा संशोधन, संरचना, शासकीय स्वरूप र कार्यदिशा समेत निर्धारण गर्नेछ। त्यसैले नयाँ–पुराना सबै दलले सक्रिय सहभागिता जनाउनु अपरिहार्य छ।

लोकतन्त्रको मूल आधारमध्ये निष्पक्ष, भयरहित र स्वतन्त्र निर्वाचन सुनिश्चित गर्नु जरुरी छ। राजनीतिक दलहरू लोकतन्त्रका मुख्य अवयव भएकाले सबै दलको सहभागिता अनिवार्य मानिन्छ। प्रतिनिधिसभा निर्वाचनका लागि पुराना र नयाँ राजनीतिक दलहरूको उत्साहजनक सहभागिता हुनु नेपालका लागि शुभ संकेत हो। अबको समय पुनर्निर्माण, रूपान्तरण, परिवर्तन, नेतृत्व हस्तान्तरण तथा सोच–विचार र कार्यशैलीमा परिवर्तन ल्याउने समय हो। यसलाई बुझेका संसद्, सरकार र राजनीतिक दलहरूले जेनजी आन्दोलनका मागलाई स्वीकार गर्दै सशक्त ढंगले अगाडि बढ्नु र सबैलाई मिलाएर राष्ट्रिय विकास र समृद्धि हासिल गर्ने नीति ल्याउनु आवश्यक छ। यस्तो अवसर कुनै दलले गुमाउनु हुँदैन।

जेनजी आन्दोलनले नेपालको राजनीतिमा परिवर्तन तथा रूपान्तरणको आवश्यकता औँल्याएको छ। समाज, समय, राजनीति र बगेको पानी कहिल्यै स्थिर हुँदैन भन्ने बुझ्न नसक्दा आज देश, समाज, व्यवस्था र संरचना संकटमा पुगेका छन्। अब हामी सबैले परिवर्तन र रूपान्तरणलाई प्रकृतिको नियमझैँ स्वीकारेर अगाडि बढ्नैपर्छ। ०८२ फागुन २१ को निष्पक्ष, स्वतन्त्र र भयरहित निर्वाचनले मात्रै जेनजीका परिवर्तन र रूपान्तरणका माग सम्बोधन गर्न सक्षम देखिन्छ।

नेताहरूको विगतको जस्तो अहंकारी सोच र व्यवहार नदोहोरियोस् भन्ने आमचाहना हो। फेरि अर्को आन्दोलन देशले सहनु नपरोस् भन्ने आकांक्षा छ। त्यसका लागि सबै दलका नेताहरूले आफ्ना विगतका कमजोरी स्वीकारेर युवालाई नेतृत्व र जिम्मेवारी दिनु उत्तम हुन्छ। ०८२ फागुन २१ को चुनावले युवालाई आफ्नै भविष्य आफैँ निर्माण गर्ने अवसर दिनु सबैका लागि उत्तम देखिन्छ। यदि नेताहरूले परिवर्तन आत्मसात् गर्न सकेनन् भने नेपाल अफ्रिकी मुलुक सुडानजस्तै आन्तरिक द्वन्द्वमा फँस्न बेर लाग्दैन भन्ने चेत राख्नु जरुरी छ। यसबारे नेपालका सबै दलका नेताहरूले गम्भीर भएर सुशासन र जवाफदेही राजनीतिमा अघि बढ्नुपर्ने देखिन्छ।

हालको संक्रमणकालबाट सबै मिलेर, एकताबद्ध हुँदै अघि बढ्नै विकल्प हो। नेपाल र नेपालीलाई जोगाउने एक मात्र उपाय भनेको ०८२ फागुन २१ गते तोकिएको निर्वाचन सफलतापूर्वक सम्पन्न गरी नयाँ संसद, सरकार, संविधान र शासकीय स्वरूपको स्थापना गर्नु तथा देशमा विकास, स्थिरता, समृद्धि र सुशासनको जग बसाल्नु हो। नयाँ जनप्रतिनिधिहरूले जवाफदेही भएर आफ्नो कर्तव्य पूरा गर्नुपर्ने हुन्छ । सुशिला कार्की नेतृत्वको सरकारले निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा चुनाव गर्न कुनै कसर बाँकी राख्नु हुँदैन। यो विषय सबैले सोचेर अघि बढ्नु देश–जनताको हितमा हुनेछ। कुनै पनि बहानामा तोकिएको निर्वाचन प्रक्रिया अवरुद्ध गर्नु हुँदैन। आमचुनाव नै लोकतन्त्रलाई दिगो बनाउने तथा जनतालाई सार्वभौम बनाउने माध्यम हो। साथै, यो निर्वाचनले राजनीतिक दललाई जनताको घर–दैलोमा नीति–कार्यक्रम लिएर जाने र विश्वास जित्ने महत्वपूर्ण अवसर प्रदान गर्छ। यसलाई हेक्का राखेर सबै दल तथा नेताहरू अघि बढून्।

# प्रधानमन्त्रीको निर्देशनपछि पनि किन अल्झियो जेनजी–सरकार सम्झौता ?

**कौशल काफ्ले**

काठमाडौं, १७ मंसिर। जेनजी आन्दोलनको तीन महिना पुग्न लाग्दा पनि आन्दोलनरत पक्ष र सरकारबीच कुनै सम्झौता हुनसकेको छैन। मौखिक सम्झौतापछि आन्दोलनको जगमा अन्तरिम सरकार बनेपनि यसले औपचारिकता पाएको छैन। यसले जेनजी आन्दोलनको आपराधिकरण बढ्दै जाने र आन्दोलनकारी युवा कालान्तरमा फस्ने डर जेनजीमा देखिन्छ। त्यसैले जतिसक्दो छिटो आन्दोलनको सम्झौतालाई टुंगोमा पुऱ्याउन जेनजी अगुवाहरू लागिपरेका छन्। आन्दोलन संस्थागत गराउन सुरुमा जेनजी मुभमेन्ट अलायन्स, जेनजी फ्रन्टलगायतले सरकारलाई आफ्नो तर्फबाट छुट्टाछुट्टै म्यान्डेट (मस्यौदा) प्रस्ताव गरेका थिए।

तर, पछि सरकार पक्षले सबैलाई मिलेर आउन आह्वान गऱ्यो। त्यसपछि निरन्तरको संवादपछि जेनजीहरूले निचोड निकाले र आफ्नो तर्फबाट एकीकृत मस्यौदा प्रस्ताव गरे, जसमाथि हस्ताक्षर गरेर सरकारले आन्दोलनलाई औपचारिकता दिनुपर्ने माग जेनजीको छ। यसरी म्यान्डेट बुझाउनेमा जेनजी मुभमेन्ट अलायन्स, द काउन्सिल अफ जेनजी र जेनजी फ्रन्ट छन्। तर, जेनजीहरूले बुझाएको यो मस्यौदालाई लिएर निरन्तर संवाद भएपनि निचोडमा पुग्न सकेको छैन। प्रधानमन्त्रीले गएको सोमबारभित्र सम्झौता गर्ने आश्वासन दिएपनि अहिलेसम्म यसले सोचेअनुरुप गति लिएको छैन। आखिर कहाँ अड्कियो सम्झौताको विषय ? प्रधानमन्त्रीको तर्फबाट यसलाई अघि बढाउन निर्देशन दिइए पनि कर्मचारीको तर्फबाट यसमा अड्को थापिएको गुनासो जेनजीको छ।

कानुन सचिव फणिन्द्र गौतमलगायत कर्मचारी पक्षले जेनजीका मागमा सहमत हुन नखोजेपछि प्रधानमन्त्रीको निर्देशनसमेतले काम नगरेको बुझाई जेनजीको छ। पछिल्लो समय १० मंसिरमा सरकारी पक्ष र जेनजीबीच यस विषयलाई टुंगोमा पुऱ्याउने भन्दै वार्ता बसेको थियो। तर, त्यसदिनको लामो छलफलमा केही बुँदा र शब्दमा असहमति भएपछि वार्ता रोकिएको थियो। सबैभन्दा ठूलो असहमति 'अधिकतम परिपूरणीय अधिकार', 'संक्रमणकालीन न्याय र टीआरसी'को विषयलाई लिएर भएको थियो।

कानुन सचिव गौतमले 'अधिकतम भन्नेबित्तिकै राज्यले कहिल्यै पूरा गर्न नसक्ने बोझ बन्छ' भन्दै उक्त शब्द हटाउनैपर्ने अडान लिएका थिए। जबकी, जेनजीले प्रस्ताव गरेको मस्यौदामा उल्लेख छ – 'पूर्ण समानुपातिक समावेशीता र अधिकतम परपूरणीय अधिकारसम्पन्न र अर्थपूर्ण प्रतिनिधित्व सिद्धान्तलाई आत्मसात गर्दै अन्तरिम सरकारका प्रधानमन्त्री लगायत सम्पूर्ण मन्त्रिपरिषद् र आगामी दिनमा गठन हुने नेतृत्वले समेत जेनजी तथा युवाको अर्थपूर्ण सहभागिताका लागि सल्लाहकार समितीमा जेनजी तथा युवाको प्रतिनिधित्व अनिवार्य सुनिश्चित गर्ने...।' यही विषयमा सरकार पक्षले 'जेनजी आन्दोलनको माग भ्रष्ट्राचारसम्बन्धि रहेकोमा सबैका माग किन बोकेर हिँडेको' भन्दै सरकार पक्षले प्रश्न गरेको जेनजी अगुवा विकास रसाईलीले बताए।

संक्रमणकालीन न्याय र टीआरसीको विषयमा पनि सरकारी पक्षले 'दुई दिनको आन्दोलनलाई टीआरसीको फ्रेममा किन राख्ने ?' भन्दै असहमति जनाएको छलफलमा सहभागी अर्का जेनजी सहभागीले बताए। जेनजीको मस्यौदामा उल्लेख भएअनुसार, संक्रमणकालीन न्यायका सिद्धान्तअनुसार सत्य–निरूपण र मेलमिलापको प्रक्रिया अपनाउन भनिएको छ। जेन–जी आन्दोलनसँग सम्बन्धित जघन्य अपराधबाहेकका अन्य मुद्दामा पक्राउ परेका थुनुवा तत्काल थुनामुक्त गर्नुपर्ने माग पनि उक्त मस्यौदामा छ।

त्यस्तै 'जनसंहार' र 'सुरक्षा संयन्त्रको बर्बरता' शब्दमा पनि सरकारी पक्षले आपत्ति जनाएको थियो। जेनजीले प्रस्ताव गरेको मस्यौदामा यसलाई यसरी उल्लेख गरिएको छ – 'वि.स. २०८२ साल भाद्र महिना २३ देखि २५ गते जेनजी आन्दोलनका क्रममा तत्कालीन सरकारले गरेको क्रुर दमन, हिसा र प्रहरी बर्बरताबाट जनसंहार गरिएका आन्दोलनकारी र सर्वसाधारणलाई शहीद घोषणा गर्नुपर्ने...।'

यसरी बुधबार विवाद भएपछि शुक्रबार (मंसिर १२) मा प्रधानमन्त्री कार्कीले नै जेनजीहरूलाई छलफलमा बोलाइन्। त्यसदिन

–बाँकी तीन पेजमा

## प्रधानमन्त्रीको...

पनि सरकार र आन्दोलनकारीबीच हुन लागेको सम्झौताको मस्यौदालाई अन्तिम रुप दिने विषयमा छलफल भएको थियो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा जेनजी प्रतिनिधिहरूले पनि सम्झौतामा हस्ताक्षर गर्ने काम चाँडो टुंगो लगाउन आग्रह गरे। जवाफमा सरकारका अधिकारीहरूले जेनजीका तर्फबाट प्राप्त दस्तावेज अध्ययन गरी अन्तिम रुप दिने क्रममै रहेको बताए।

तर, प्रधानमन्त्री कार्कीले यो विषय चाँडो टुंग्याउन निर्देशन दिइन्। सोमबार नै यसलाई अन्तिम रुप दिने मोटामोटी सहमति भयो, सोहीअनुरुपको आश्वासन जेनजी पक्षले पायो। 'अब यो विषय धेरै लम्ब्याउनुहुँदैन। आज सकिन्छ भने आजै, आज नभए भोलि शनिबारको दिनसमेत काम गर्नुहोस्। पर्सी आइतबार दिनभर लागे लागोस्, जेजे हेर्नुपर्छ हेर्नुपर्छ, हेर्नुहोस, सोमबारभित्रमा अन्तिम रुप दिइएको हुनुपर्छ,' प्रधानमन्त्री कार्कीले भनेकी थिइन्, 'अब धेरै दिन कुर्न सकिँदैन। हस्ताक्षर गरेकै कारणले केही बेहोर्नुपरे म बेहोरौंला। मेरो सिंगो मन्त्रिपरिषद्ले त्यसको जिम्मेवारी लिन्छ। यो राजनीतिक दस्तावेज हो। कर्मचारी प्रशासकहरूले चिन्ता लिनुपर्दैन।'

राजनीतिक विषयमा कर्मचारीले अनावश्यक हस्तक्षेप गरेको गुनासो जेनजी पक्षको थियो। सोही कुरालाई लिएर प्रधानमन्त्री बोलिदिएपछि उनीहरू पनि ढुक्क भए। 'खासमा यो कानुनी दृष्टिबाट हेरिने विषय नै हैन। अहिले कानुनमा यो छ वा छैन भन्दै हेरिएको छ। तर, यो राजनीतिक विषय हो। त्यसैले राजनीतिक तहबाटै निरुपण होस् भन्ने हाम्रो चाहना हो,' जेनजी अगुवा विकास रसाईलीले भने। शुक्रबारको यो छलफलमा केही जेनजी अगुवा र सरकारको तर्फबाट प्रधानमन्त्री, गृहमन्त्री, खेलकुदमन्त्री र अन्य प्रतिनिधि सहभागी थिए। 'हाम्रा साथीहरू समाउन थालिएका छन्। यसको अपराधिकरण बढ्दो छ। त्यसैले छिटो टुङ्गोमा पुऱ्याउनुपर्ने कुरा हामीले राखेका थियौं। जसमा सरकार पक्ष सकारात्मक सुनिएको थियो,' छलफलमा सहभागी अर्का जेनजी प्रतिनिधिले भने।

यसरी प्रधानमन्त्रीको आश्वासनले खुसीखुसी हिँडेका जेनजीलाई भोलिपल्ट कानुन सचिवसहितका कर्मचारीसँगको वार्तामा पुनः बोलाइयो। तर, बुधबारझैँ दुवै पक्ष लचक भएन। जेनजी अगुवाहरू पनि अन्य विषयमा छलफलको लागि तयार रहेपनि टीआरसी र समावेशीताको विषयमा टसमस भएनन्।

'अरु विषयमा हामी छलफल गरेर केही कम्प्रमाइज गर्न बरु तयार छौं। तर, टीआरसी र समावेशीताको विषयमा तलमाथि हुँदैन,' जेनजी अगुवा रसाईलीले भने। प्रधानमन्त्रीको निर्देशनपछि भएको छलफलमा पनि कानून सचिव फणिन्द्र गौतमलगायत अन्य कर्मचारीले 'यो हुनै सक्दैन' भन्ने अडान कायम राखेको छलफलमा सहभागी अर्का एक सदस्यले बताए। त्यसदिनको वार्तामा त जेनजीहरूले केही अधिवक्ता लिएर गएका थिए। तर, जति बुझाउन खोज्दा पनि सचिवहरू आफ्नो अडानमा कुनै लचकता नदेखाएको जेनजी अगुवा बताउँछन्।

ती अगुवाकाअनुसार शनिबारको छलफलमा टीआरसीको हकमा सरकार पक्षले अन्तर्राष्ट्रिय छवि बिग्रने र कानुनी समस्या हुने तर्क गरेका थिए। विशेषगरी संक्रमणकालीन न्यायको मुद्दामा उनीहरूले 'अन्तर्राष्ट्रिय छविमा नेपाललाई हेर्ने दृष्टि घट्छ' भन्दै आपत्ति जनाए। तर, यसमा आन्दोलनकारीहरूको तर्क छ – कतिपय आन्दोलनकारीलाई बिना जाहेरी पक्राउ गरिएको छ। '६०० जना मान्छे पक्राउ गरिसकेको छ। यसमा २०० जेल भित्र संगठित भएर अबको दुई वर्ष भित्र आतंकवाद मच्चाउन थाल्यो भने के हुन्छ ?,' जेनजी अगुवा रसाइली प्रश्न गर्छन्, 'कुन विषयले छवि बिग्रन्छ ? अनि यो मुद्दालाई फौजदारी कानुनबाट नहेरेर संक्रमणकालीन न्यायको मुद्दाको रूपमा हेर्दा कसलाई घाटा हुने हो ?'

छलफलका क्रममा सरकार पक्षले त सत्यनिरुपणको विषय ल्याएर माओवादी पार्टीको बोझ किन बोक्छौं ? भनेर समेत जेनजीलाई प्रश्न गरेको त्यहाँ सहभागी अगुवाहरूले बताए। त्यस्तै, पूर्ण समावेशिताको मुद्दामा पनि सरकार र जेनजीबीच ठूलो असहमति छ। सरकारी पक्षले यो अहिले पूरा गर्न सम्भव नभएको जनाउँदै आएको छ। जेनजीहरूले जसरी पनि यो पुरा गर्नुपर्ने बताएका छन्। सबै किसिमका आन्दोलनका मुद्धा जेनजीले किन बोक्ने भन्दै आएको सरकार पक्षको प्रश्नमा जेनजी अगुवाहरूको तर्क छ – यो आन्दोलन मधेश आन्दोलन, थरुहाट आन्दोलन, विभिन्न लैङ्गिक विषयमा उठेका आन्दोलनलगायतलले छोडेका अपूर्ण सपनाहरूको निरन्तरता हो। यो आन्दोलनले सबै प्रगतिशील आन्दोलनहरूको भार बोक्नुपर्छ।

तर सरकारी पक्षले 'यो जेनजी आन्दोलन मात्रै हो, भ्रष्टाचारको मुद्दा मात्रै हो, अरुको भार बोक्न आवश्यकता छैन' भन्ने तर्क राखेको छलफलमा सहभागी अर्का जेनजी अगुवाले बताए। प्रधानमन्त्रीको आश्वासनपछि पनि सचिवहरूको अडानले वार्ता अघि बढ्न नसकेपछि अब आन्दोलनकारीहरू अब नयाँ वार्ताको पर्खाईमा छन्। जेनजी अगुवा रक्षा बमकाअनुसार सरकार पक्षले बिहीबार छलफलको लागि बोलाइएको छ। 'खासमा आज (बुधबार) नै बोलाउनुभएको थियो। तर, हामीले वार्ता गर्दै आएको कानुन सचिवको अवकाश सुरु हुँदै छ। त्यसअघि आज नै बसौँ भन्ने कुरा उताबाट आयो,' बमले भनिन्, 'तर, हामीले तपाईंहरूको काम सक्नुस् पहिला, बरु भोलि बसौँ भन्यौँ। अब सायद भोलि बसिन्छ।'

सम्झौतामा भइरहेका छलफलबारे बोल्दै बमले अनलाइनखबरसँग थप भनिन्, 'यो सम्झौता पछि सार्वजनिक हुन्छ। त्यसैले बरु समय लगाएर नै काम गरौँ, पछि राष्ट्रिय/अन्तराष्ट्रिय रेकोग्निसन चाहिन्छ भन्नेजस्तो उताबाट कुरा आएको छ। सबैले कानुनी भाषा र शब्दहरू हेर्दै पनि हुनुहुन्छ। सायद केही दिनमा नै यो विषय टुंगोमा पुग्छ।' तर, यदि सम्झौता नभए चुनाव हुने वातावरण नै नबन्ने आन्दोलनकारीहरूको चेतावनी छ।

'चुनावको मुख्य स्टेकहोल्डर आन्दोलनकारी हो। आन्दोलनकारीले बुझाएको म्यान्डेट हस्ताक्षर हुँदैन भने चुनावमा जाने स्थिति बन्दैन,' जेनजी अगुवा विकास रसाइलीले भने, 'सडकमा दिनानुदिन असन्तुष्टहरू पोखिरहेका छन्। आन्दोलनको माग पूरा हुन सकेन भने हामीले त्यो आन्दोलनलाई समर्थन गर्छौं। सडकमा जान्छौं। हामीले सरकारलाई पनि यही भनेका छौं।' अनलाइनखबरबाट

# पराल बोकेका गाडी ट्राफिकको निसानामा, चालक आन्दोलनमा

बारा, १७ मंसिर। पराल र गहुँको छ्वाली बोकेका गाडीलाई राजमार्गमा ट्राफिक प्रहरीले रोकेपछि चालकहरू आन्दोलित भएका छन्। चालकहरूले पूर्व–पश्चिम राजमार्गको पथलैया सडक खण्डमा सवारी साधन रोकेर मधेस प्रदेश ट्राफिक व्यवस्थापन कार्यालयको मूलगेटमा धर्ना दिएका छन्। मकवानपुरका ट्रक चालक गौतम मोक्तानले १० टन क्षमताको गाडीमा ट्राफिक प्रहरीले ४ टनभन्दा बढी पराल बोक्न नदिएको बताएका छन्। उनले राजस्व बुझाए पनि प्रहरीले ठाउँ–ठाउँमा गाडी रोकेर रकम माग्ने गरेको आरोप लगाए।

मकवानपुर, चितवनका किसानहरूले पशुपालन तथा च्याउ खेतीका लागि मधेस प्रदेशबाट पराल लैजाने गर्दछन्। अन्य ठाउँको तुलनामा मधेसमा पराल बढी उत्पादन हुने र मूल्य पनि सस्तो हुन्छ। च्याउ उत्पादन किसान संघ नेपालका अध्यक्ष सन्तोष कार्कीले ओभरलोडकै बहानामा ट्राफिक प्रहरीले चालकहरूलाई दुःख दिने गरेको बताए। 'अनेक बहाना बनाएर उहाँहरूले हाम्रो गाडी रोक्नुहुन्छ, किसानले उत्पादन गरेको पराल किसानकै गोठमा जाने हो,' अध्यक्ष कार्कीले भने, 'पराल र गहुँको छ्वाली बोकेका गाडी धेरै वर्षदेखि रोक्ने अनि छाड्ने क्रम निरन्तर चलिरहेको छ।'

मधेस प्रदेशमा धेरै किसानहरूले परालालाई खेतमै डढाउने गर्दछन्। अध्यक्ष कार्कीले डाला बराबर पराल बोक्दा परालको मूल्य धेरै पर्ने भएकाले केही माथिसम्म राखेर बोक्नुपर्ने बाध्यता रहेको बताए। 'हामीले यसको स्थायी समाधान खोजेका छौँ, सम्बन्धित निकायले हाम्रा माग सुनून् भन्ने हो,' उनले भने। धान भित्र्याउने सिजनमा मधेस प्रदेशबाट दैनिक १०० देखि १५० वटा साना–ठुला गाडी पराल बागमती प्रदेशमा जाने गर्छन्। १० चक्के ट्रकको पराल चितवनसम्म पुऱ्याउन प्रतिगाडी १५ देखि १८ हजार रुपैयाँसम्म खर्च लाग्छ।

**के भन्छ प्रहरी ?**

मधेस प्रदेश राजमार्ग ट्राफिक व्यवस्थापन कार्यालयका प्रमुख राजकुमार सिलवालले दुर्घटनाको जोखिम हुनेगरी सवारी चालकहरूले ५ देखि ७ फिट माथिसम्म पराल राखेर ल्याएकाले सवारी साधनलाई रोक्नुपरेको बताए। 'पहिले सामान्य रूपमा चलाइरहनुभएको थियो, अहिले ८/१० दिनदेखि बढी माल ल्याउन थाल्नुभयो। हामीले धेरैपटक सचेत पनि गराए पनि अटेर गर्न थालेपछि हामीले बाध्य भएर गाडी रोकेका हौँ,' प्रहरी उपरीक्षक सिलवालले भने, 'कानुन कार्यान्वयन गर्ने हाम्रो काम हो।'

पराल बोकेका ट्रक र ट्र्याक्टरहरूले माथिसम्म पराल राखेर बोक्दा दायाँबायाँका सवारी साधन नदेखिने र त्यसले धेरै दुर्घटना निम्त्याउने प्रदेश ट्राफिक प्रहरी कार्यालयले जनाएको छ। 'हामीले मधेस प्रदेशका सबै जिल्लाहरूलाई कडाइका साथ हेर्न निर्देशन दिएका छौँ,' सिलवालले भने, 'यदि ट्राफिक प्रहरीले कतै बदमासी गरेको भेटिए प्रमाणसहित आउनुस्, हामी कारबाही गर्न तयार छौँ।'

# जनकपुर–ढल्केवर सडकखण्डको तीन स्थानमा आकासे पुल निर्माण तीव्र

**विजयकुमार साह**

ढल्केबर, १७ मंसिर। धनुषाको जनकपुर–ढल्केवर ६ लेन सडक खण्डको तीन स्थानमा आकाशे पुल निर्माणको काम तीव्र गतिमा अघि बढाइएको छ। पैदल यात्रुका लागि सहज, सडक जाम र दुर्घटना न्यूनीकरण गर्ने उद्देश्य सडक डिभिजन कार्यालय मुजेलियाले करिब १० करोड ५० लाख रुपियाँको लागतमा तीन वटा आकाशे पुल निर्माणको कार्य सुरु गरेको हो।

सडक डिभिजन कार्यालय जनकपुरधामका इन्जिनियर उज्जवले लक्ष्मिनिया बजार, क्षीरेश्वरनाथ नगरपालिकास्थित महिला विकास चोक र सखुवा चोकमा आकाशे पुल निर्माण तीव्र गतिमा भइरहेको बताउनुभयो। पिलरदेखि आवश्यक पूर्वाधार निर्माणको काम एक महिना अघिदेखि भइरहेको बताउँदै उहाँले सडक जाम र पैदल यात्रुले सडक क्रस गर्दा दुर्घटना जोखिम बढ्दै गएपछि यस स्थानमा आकाशे पुलको आवश्यकता देखिएको जानकारी दिनुभयो।

इन्जिनियर झाले भन्नुभयो, 'चालू आर्थिक वर्षको असार मसान्तसम्म तीनवटै पुल निर्माण सम्पन्न गर्ने योजना छ। निर्धारित समय सीमाभित्र निर्माण सम्पन्न हुने विश्वास छ।' उहाँका अनुसार तीनवटै पुल फरक–फरक लागतमा निर्माण भइरहेका छन्। लक्ष्मिनिया बजारमा तीन करोड ४२ लाख रुपियाँ, महिला विकास चोकमा तीन करोड ३५ लाख रुपियाँ र सखुवा चोकमा तीन करोड ४५ लाख रुपियाँको लागतमा आकाशे पुल बन्ने छ। प्राविधिक डिजाइनअनुसार निर्माणाधीन सबै पुल ५.६ मिटर उचाइ, २९.४ मिटर लम्बाइ र ३ मिटर चौडाइका हुने छन्।

उहाँले पुल सञ्चालनमा आएपछि सडक क्रस गर्नुपर्ने पैदल यात्रुका लागि सहज बताउनुभयो। बजार क्षेत्रमा हुने भीडभाड कम हुने र सडक दुर्घटनामा समेत उल्लेख्य कमी आउने अपेक्षा कार्यालयले गरेको छ। जनकपुर–ढल्केवर सडकखण्ड अधिकांश समय अत्यधिक व्यस्त रहने भएकाले आकाशे पुल निर्माणले यहाँको ट्राफिक व्यवस्थापनमा सुधार आउने इन्जिनियर झाको भनाइ छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक सूर्यबहादुर शाहीले पूर्वपश्चिम राजमार्ग भएर मधेश प्रदेशको राजधानी जनकपुरधाम प्रवेश गर्ने सो सडकमा आकाशे पुल निर्माण भएपछि सवारी दुर्घटनामा कमी आउने बताउनुभयो। स्थानीयवासीले पुल निर्माणले यातायात व्यवस्थापनमा सुधार आउने सहरको सौन्दर्यीकरण समेत बढ्ने धारण धारणा व्यक्त गरेका छन्। उहाँहरुले व्यस्त सडक क्षेत्रमा आकाशे पुलले सुरक्षित आवागमन र व्यापारिक गतिविधिमा समेत सकारात्मक प्रभाव पर्ने बताउनुभयो।

# नयाँ सरकार बनाउन दलहरू अनौपचारिक सहमत

जनकपुर, १७ मधेश। मधेश प्रदेशमा कांग्रेसको नेतृत्वमा नयाँ सरकार गठन गर्ने विषयमा सात दलबीच अनौपचारिक रूपमा सहमति जुट्दै गएको छ। सरोज यादव नेतृत्वको सरकारविरुद्ध सडक र संवैधानिक मोर्चामा साझा संघर्ष गर्दै आएका यी दलहरूबीच निरन्तर छलफल भइरहेको हो। मुख्यमन्त्री यादवले राजीनामा दिएसँगै प्रदेश प्रमुखको कार्यालयले संविधानको धारा १६८(२) अनुसार नयाँ सरकार गठनका लागि आह्वान गरिसकेको छ। उक्त व्यवस्था अनुसार दुई वा दुईभन्दा बढी दलहरूको सहमतिबाट सरकार बन्न सक्छ। यही प्रावधानअनुसार कांग्रेसको अगुवाइमा सहमति जुटाउने प्रयास भइरहेको छ। यस्तो अवस्थामा कांग्रेसका कृष्ण यादव मुख्यमन्त्री बन्ने सम्भावना देखिएको छ।

यसअघि एमाले र कांग्रेस एउटै मोर्चामा रहेका थिए। तर, संसदको ठूलो दलको हैसियतमा एमालेले आफ्ना नेता सरोज यादवलाई नै मुख्यमन्त्री बनाउने संकेत पाएपछि कांग्रेस एमालेबाट अलगिएको थियो। त्यसयता कांग्रेस ६ दलसँग मिलेर सडकदेखि अदालतसम्म एमाले नेतृत्वको सरकारविरुद्ध लागिरहेको छ। अन्य ६ दलभन्दा ठूलो दल भएकै कारण कांग्रेसको नेतृत्वमा सरकार बन्न सक्ने एक सांसदले बताए। उनका अनुसार जसपाले पनि मुख्यमन्त्री दाबी गरे पनि कांग्रेसलाई अघि सारिएको स्थितिमा जसपा सहमत हुने सम्भावना छ। लोसपा, जनमत, माओवादी केन्द्र र एस भने मुख्यमन्त्री दाबी गर्ने अवस्थामा छैनन्।

# गुण एअरलाइन्सका सञ्चालक राजेन्द्र शाक्य पक्राउ

काठमाडौं, १७ मंसिर। प्रहरीले गुण एअरलाइन्सका सञ्चालक राजेन्द्र शाक्यलाई पक्राउ गरेको छ। प्रभु बैंक लिमिटेडलाई नोक्सानी पुऱ्याएको घटनामा संलग्न भएको आरोपमा शाक्यलाई ललितपुरको जावलाखेलबाट पक्राउ गरेको केन्द्रीय अनुसन्धान ब्युरो ( सीआईबी) का प्रवक्ता एवम् प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो।यसअघि सीआईबीले प्रभु बैंककै प्रमुख कार्यकारी अधिकृत (सीईओ) अशोक शेरचनसहित तीन जनालाई पक्राउ गरेको थियो। गुण समूहले रियल स्टेट, हाउजिङ, सिनेमाघर, मोटर पार्ट्स, व्यावसायिक भवनहरू लगायतका क्षेत्रमा लगानी गरिरहेको छ।

# मधेशमा नयाँ सरकार गठनका लागि आह्वान



काठमाडौं, १७ मंसिर। मधेश प्रदेशमा नयाँ सरकार गठनका लागि आह्वान भएको छ। प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले मुख्यमन्त्री सरोजकुमार यादवको राजीनामा स्वीकृत गर्दै संविधानको धारा १६८ को उपधारा २ बमोजिम दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई दाबी पेश गर्न आह्वान गर्नुभएको हो। पर्सि शुक्रबार बेलुका ५ बजेसम्म दाबी पेश गर्न समय सीमा तोकिएको छ।

मुख्यमन्त्री यादवले आज विश्वासको मत लिने कार्यसूची रहेकोमा विश्वासको मत लिन नपाउने अवस्था आएपछि प्रदेशसभाबाटै राजीनामा घोषणा गरेर पछि प्रदेश प्रमुखलाई राजीनामा बुझाउनुभएको हो। मधेश प्रदेशसभामा एक सय सात सदस्य छन्। मुख्यमन्त्री यादवले आफ्नो पक्षमा विश्वासको मत जुटाउन ५४ सांसदको समर्थन जुटाउनुपर्ने थियो। तर प्रदेशसभामा सभामुख र अन्य दलका दुई जना गरी यादवको पक्षमा २५ जना मात्र छन्। तीमध्ये एक सांसद निलम्बित छन्।

एमाले मधेश प्रदेश संसदीय दलका नेता यादवले कात्तिक २४ गते बिहान महोत्तरीको बर्दिबासमा रहेको एक होटलमा शपथ लिनुभएको थियो। यादवलाई प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानको धारा १६८ को ३ अनुसार मुख्यमन्त्रीमा नियुक्त गरेपछि सत दलका सांसदहरू सर्वोच्च अदालत गएका थिए। यही घटनाका कारण प्रदेश प्रमुख भण्डारीलाई संघीय सरकारको सिफारिशमा राष्ट्रपतिले पदमुक्त गर्नुभएको छ। यस्तै प्रदेशसभाले एमालेबाट सभामुख बन्नुभएका रामचन्द्र मण्डललाई दुईतिहाइ मतबाट पदबाट हटाएको छ।

यसरी एमालेले मधेशमा प्रदेश प्रमुख, मुख्यमन्त्री र सभामुख पद गुमाएको छ। नवयुवा आन्दोलनपछि विकसित घटनाक्रम माझ जनमत पार्टीका तर्फबाट मुख्यमन्त्री रहेका सतीशकुमार सिंहले असोज २८ गते राजीनामा दिनुभएको थियो। त्यसपछि लोकतान्त्रिक समाजवादी पार्टीका नेता जितेन्द्र सोनलले बहुमत देखाउँदै मुख्यमन्त्री नियुक्त भए पनि विश्वासको मत नपाउने स्पष्ट भएपछि उहाँले पनि राजीनामा दिनुभयो। सोनलले राजीनामा दिएपछि यादव मुख्यमन्त्रीमा नियुक्त हुनुभएको हो। मधेश प्रदेशसभामा १० दलको प्रतिनिधित्व छ र बहुमतका लागि दुई ठूला दल मिल्ने अवस्थामा पनि बहुमत नपुग्ने अवस्था छ। यादवको नियुक्तिविरुद्ध सात दलका ७४ जन सांसद सर्वोच्च अदालतमा गएकाले अब उनीहरू मिलेर सरकार गठन गर्ने सम्भावना छ।

# गुप्ता प्यानलको आधिकारिक उम्मेदवारी घोषणा




लहान, १७ मंसिर। आगामी पुस ५ गते हुने जिल्ला उद्योग वाणिज्य संघ सिरहा–लहानको निर्वाचनका लागि प्रदीप कुमार गुप्ता प्यानलले आधिकारिक रूपमा उम्मेदवारी घोषणा गरेको छ। उम्मेदवारी घोषणा कार्यक्रममा संघका पूर्व अध्यक्षहरू पवन मुन्धडा, अशोक अग्रवाल, सुनिल महतो, अशोक अमात्य, वर्तमान अध्यक्ष विकास शारदा, सुखिपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरज यादव तथा धनगढी व्यापार संघको उल्लेख्य उपस्थितिमा गुप्ता प्यानललाई संयुक्त समर्थन सार्वजनिक गरिएको हो।

समर्थनकर्ताहरूले प्रदीप कुमार गुप्ता नेतृत्वको प्यानलले व्यापारिक वातावरण सुधार, उद्यमी हकहित संरक्षण र संगठन सुदृढीकरणमा प्रभावकारी भूमिका खेल्ने विश्वास व्यक्त गरे। गुप्ता प्यानलको उम्मेदवारी घोषणासँगै चुनावी वातावरण थप चुम्मक र प्रतिस्पर्धात्मक बन्दै गएको छ।

# भ्रष्टाचारविरुद्धको कारबाही रोकिँदैन : प्रधानमन्त्री कार्की

काठमाडौं, १७ मंसिर। प्रधानमन्त्री सुशीला कार्कीले भ्रष्टाचारविरुद्धको कारबाही नरोकिने बताएकी छन्। 'जेनजी' आन्दोलनको मर्मअनुसार सरकारले काम गरिरहेको र निर्वाचनको तयारीसँगै भ्रष्टाचारविरुद्धको कारबाही पनि सँगसँगै अघि बढिरहेको उनको भनाइ छ। नवगठित प्रगतिशील लोकतान्त्रिक पार्टीका अध्यक्ष सुदन किरौंती नेतृत्वको प्रतिनिधिमण्डलसँग बुधबार (मंसिर १७) सिंहदरबारमा भएको भेटका क्रममा प्रधानमन्त्री कार्कीले यस्तो बताएकी हुन्। "हामी काम गर्न नै आएका हौं। जे सकेको गरिरहेका छौं। युवाले बलिदानी दिएर गरेको विद्रोहको मर्मअनुरुप जसरी पनि हामीले काम गर्नुछ। यो वा त्यो बहाना गरेर पन्छिने छुट छैन। हामी रोकिँदैनौं।"

निर्वाचनको तयारी र सुशासनको जग बसाल्ने काम सरकारले सँगसँगै गरिरहेको कार्कीको भनाइ छ। भ्रष्टाचारका विषयमा छानबिन गर्न राज्यका स्थापित संरचनाहरू नै धेरै रहेको अवस्थामा थप अर्को आयोग नबनाइएको कार्कीले बताएकी उनको सचिवालयले जनाएको छ। "हामीकहाँ अख्तियार दुरुपयोग अनुसन्धान आयोग छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग छ। केन्द्रीय अनुन्धान ब्युरो छ। विगतमा ती निकायलाई प्रभावकारी रुपमा काम गर्न नदिइएको हुन सक्छ। दलीय प्रभाव परेको हुन सक्छ," कार्कीले भनिन्, "हामी कुनै प्रकारको दबाब दिँदैनौं। ती निकायले पूर्ण स्वतन्त्रताका साथ काम गरुन्। प्रभावकारी ढंगले चल्न सकुन्। समानान्तररुपमा धेरै संरचना बनाएर मात्र पनि नतिजा आउने होइन। मूल कुरा काम गर्ने वातावरण दिनु अहिलेको आवश्यकता हो।"

अहिले अख्तियारले पनि आफ्नो रफ्तार बढाइरहेको उनले बताइन्। "तपाईंहरूले समाचारमा पढिरहनुभएकै होला। केही ठूला भ्रष्टाचारका विषय र प्रभावशाली व्यक्ति जोडिएका काण्डमा सम्बन्धित निकायहरूले कदम चालेका छन्," उनले भनिन्। सबै क्षेत्रको अति दलीयकरण हुँदा पनि मुलुकले प्रगति गर्न नसकेको टिप्पणी पनि उनले गरिन्। "यहाँ किसानका नाममा पनि राजनीति भयो। किसानले मल पाउँदैनन् तर किसानको नेता देश–विदेश घुमिरहेको हुन्छ। मन्त्री–सांसद बनिरहेको हुन्छ। कार्यकर्ता अघिपछि लगाइरहेको हुन्छ।"

यस्तो अवस्था अन्त्यका लागि नै युवाले आवाज उठाएको बताउँदै प्रधानमन्त्री कार्कीले आउँदो चुनावमा युवालाई नै संसदमा पठाएर परिवर्तन संस्थागत गर्नुपर्ने बताइन्। नेता किरौंतीसहित प्रतिनिधिमण्डलका अन्य सदस्यले 'जेनजी'का आवाज सम्बोधन चाँडो हुनुपर्ने माग गरेका थिए। आन्दोलनकारी 'जेनजी'माथि एकातिर प्रहरीले धरपकड गरिरहेको र अर्कोतिर केही दलले घोषित रूपमै गुण्डा परिचालन गरेको भन्दै सरकारको ध्यानाकर्षण गराएका थिए। यदि कुनै दलले घोषित रुपमै गुण्डागर्दी गर्न संगठन खोलेर अघि बढ्छ भने 'जेनजी'ले पनि प्रतिकार गर्नुपर्ने अवस्था आउन सक्छ भनी उनीहरूले चेतावनी दिएका जनाइएको छ।

# कांग्रेस सभापतिको उम्मेदवार बन्ने गगन थापाको घोषणा



काठमाडौं, १७ मंसिर। नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टीको आसन्न १५औं महाधिवेशनमा सभापति पदमा उम्मेदवारी दिने घोषणा गरेका छन्। हिमालय टेलिभिजनसँगको अन्तर्वार्तामा थापाले आफूले सभापति पदमा उम्मेदवारी दिने घोषणा गरेका हुन्। 'म १५ औं महाधिवेशनको सभापतिको उम्मेदवार हो। मलाई के विश्वास छ भने– नेपाली कांग्रेसका बहुसंख्यक साथीहरूले १५ औं महाधिवेशनबाट मलाई यो ऐतिहासिक पार्टी नेतृत्व गर्ने जिम्मेवारी दिनुहुन्छ, विश्वास गर्नुहुन्छ भन्ने मलाई छ' अन्तर्वार्तामा थापाले भनेका छन्। कांग्रेस महाधिवेशन आगामी पुस २६–२८ गते हुँदैछ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।
समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो।
छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा.–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)